महाशिला गाउँपालिकाको १२औं गाउँसभामा २०७९ आषाढ १० गते शुक्रबार
उपाध्यक्ष श्री धनसुवा वि.क. ज्यूले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

महाशिला गाउँपालिका
बालाकोट, पर्वत
२०७९

**सभाध्यक्ष महोदय,**

१. महाशिला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष स्थानीय तह सदस्य निर्वाचन २०७९ को पहिलो वर्षको वजेट प्रस्तुत गरि रहँदा विकास निर्माण कार्यलाई गुणस्तरी रुपमा व्यापक जनसहभागिता सहित कार्यान्वयन गर्ने र स्थानीय स्तरमा स्वरोजगार सृजना गर्दै समृद्ध महाशिला निर्माण गर्नका लागि गुणस्तरीय सार्वजनिक शिक्षा, व्यवसायिक कृषि, पशुपालनमा संलग्न गराउनु पर्ने विषयमा गहन जिम्मेवारी बोध गरी आगामी आ.व. २०७९।८० को बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएकी छु। यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि समृद्ध महाशिलाको परिकल्पनामा साथ दिनुहुने सम्पूर्ण महाशिलाबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु।

२. भर्खरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट प्रतिविम्वित भएका जनताका आकाशियका अपेक्षाहरु र आधारभूत आवश्यकताहरु पुरागर्न सिमित स्रोत साधन रहेकोले उपलब्ध स्रोतको समन्यायिक वितरण तथा महत्तम उपयोग मार्फत समृद्ध महाशिला निर्माणको महाअभियानमा महाशिला गाँउपालिका प्रतिवद्ध छ। यस महाअभियानमा आर्थिक, भौतिक एवं नैतिक साझेदारहरु केन्द्र सरकार, गण्डकी प्रदेश सरकार, विभिन्न दातृ निकाय एवं महाशिलाबासी प्रति म आभारी छु।

३. संविधानले निर्दिष्ट गरेको संघ प्रदेश र स्थानीय तह वीचको सहकारीता, सहअस्थित्व र समन्वयको सिद्धान्तलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरि शुलभ र गुणस्तरीय सेवा प्रवाह, कानुनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजबाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीय तह देखि नै सुदृढिकरण गरी विधायीकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न गठित स्थानीय सरकारको रुपमा आर्थिक वर्ष २०७९/०८० को बजेट यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गैारवान्वीत महशुस गरेकी छु।

४. अघिल्लो सरकारले कार्यन्वयन गरेको पाँच बर्षको बजेट कार्यान्वयनबाट महाशिला गाउँपालिकामा सुशासन, विकास र समृद्धिको दरिलो आधार खडा भएका छन्। साथै सामाजिक न्याय, गरिवि निवारण, रोजगारी सिर्जना मार्फत उद्यमशिलताको विकास मार्फत जनताको जीवनस्तरमा व्यापक सुधार र भौतिक पूर्वाधारको विकासका महत्वपूर्ण आधार खडा भएको कुरामा म विश्वस्त छु।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले जनताका आवश्यकता र मागहरुलाई प्राथमिकतामा राखेकी छु। साथै विगत पाँच वर्षमा हासिल भएका उपलब्धिहरुलाई संस्थागत गदै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेकी छु। साथै बजेट मार्फत निम्न विषयहरुलाई समेट्ने प्रयास गरेकी छु।

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत दिगो, आत्मनिर्भर र समाजवादउन्मुख अर्थतन्त्र निर्माण,
- आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना,
- पुर्वाधार विकास,
- तुलनात्मक लाभ एवं छिटो प्रतिफल दिने विषयहरु
- जनताको जीवस्तर उकास्ने कार्यक्रम
- स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता
- लैङिगक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय
- दिगो विकास, वातावरणीय संरक्षण तथा संम्वर्द्धन
- पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

६. आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, गाउँपालिकाले लिएको नीति, गाउँपालिकामा निर्मित कानुन तथा मापदण्ड, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, संघ तथा प्रदेशको नीति बजेट तथा कार्यक्रम, स्थानीय स्रोतसाधन, स्थानीय आवश्यकता, विषयगत एवं विभिन्न समितिसंगको छलफल र स्थानीय तहका बुद्धिजिवी एवं प्रभुत्व व्यक्तिहरुबाट प्राप्त सल्लाह सुझाव एवं परामर्शलाई आधार मानि विद्यमान परिस्थितीको सामना गरि हाल सम्म भएका उपलब्धीहरुलाई संस्थागत गर्दै सिमित स्रोत र साधनको महत्तम सदुपयोग गरी सार्थक र सहभागिता मूलक प्रणलि मार्फत नागरिकले खोजेको, रोजेको, चाएको विकास र समता मूलक समाज निर्माण

गर्ने प्रणालीबाट निर्देशित हुँदै प्रगतीशिल र उदयीमान गाउँपालिकाको रुपमा यस गाउँपालिकालाई विकास गर्न यो बजेट बनाएकी छु ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको गत वर्षको यथार्थ , चालु आर्थिक वर्षको संसोधित अनुमान र वित्तिय परिचालनमार्फत भएका उपलब्धि बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

यस आर्थिक वर्षमा गाउँपालिकामा केन्द्र र प्रदेशबाट हालसम्म वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी समेत गरि प्राप्त जम्मा रकममा चालु खर्चमा कुल विनियोजित रु. ६ करोड ७५ लाख ३० हजार ७ सय ८९ मध्ये ८० प्रतिशत, पूजीगत खर्चतर्फ विनियोजित रु. १० करोड ३० लाख ३४ हजार ५ सय ३३ मध्ये केही ठुला योजनाको भुक्तानी बाँकी रहेकोले असार मसान्तसम्म ७२ प्रतिशत पूँजीगत खर्च हुने संसोधित अुनमान छ । ससर्त अनुदानको १९ करोड ३५ लाख ४० हजार मध्ये ५६ प्रतिशत खर्च भएको छ । गरिब संग विश्वेश्वर कार्यक्रममा १०० प्रतिशत, एल.जी.सि.डि.पि तर्फ १०० प्रतिशत गरी कुल ५४ प्रतिशत खर्च प्रगति भएको छ ।

७. चालु आर्थिक वर्षमा आन्तरिक आयतर्फ रु ७१ लाख २ हजार ८ सय अनुमान गरिएकोमा हालसम्म २० लाख २५ हजार १ सय ५० रुपैंया राजश्व संकलन भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

सोच : दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध महाशिला निर्माण गर्नु बजेटको सोच रहेको छ ।

लक्ष्यः उत्पादन र उत्पादकत्व अभिवृद्धि मार्फत महाशिलाबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ ।

**उदेश्यः** पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र :** यस क्षेत्रको निम्ति ६ करोड ३३ लाख ५० हजार रकम विनियोजन गरेकी छु । जसबाट..........

८. **महाशिलाको सरोकार एक घर एक रोजगार** भन्ने मुल नाराका साथ सुरु भएको महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न र यस कार्यक्रमलाई निरन्तरता दिदै त्यसको लागि रु १ करोड विनियोजन गरेकी छु । विदेशमा रहेका युवाहरुलाई गाउँ फर्कि उद्यमी बन्नको निम्ती गाउँमा उद्यम घरमै रोजगारी घर फर्क प्यारा प्यारी कार्यक्रम/व्याज अनुदानको लागि रु २ लाख विनियोजन गरेकी छु ।

९. कृषिलाई उत्पादनमुखी बनाउदै निर्यातउन्मुख बनाउने उदेश्यको साथ कृषि तथा पशु उधमशिलता कार्यक्रम साझेदारी कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेकी छु ।

१०. पशुपालनको क्षेत्रमा कृषकलाई थप प्रोत्साहन होस, पशुजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकौ र लिमे पारकोटे पाडापाडी संरक्षण समेत होस भनी प्रति भैसी सुत्केरी ५०० का दरमा भैसी सुत्केरी कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु । उत्पादन महाअभियानमा हाम्रो ध्यान दुध तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

११.कृषि क्षेत्रमा उत्पादन बढाउने र खाद्य सुरक्षाका निम्ति बाँझो जग्गा खेती अभियान कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१२. पशु क्षेत्रको विकास, कृषि क्षेत्रमा औजार सहयोग, तालिम, विउ, प्रविधि, विभिन्न फलफुलको विकासको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१३. मजदुर तथा कृषि मजदुर कल्याणकारी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१४. कृषि क्षेत्रको उत्पादन वृद्धि गरि आयआर्जन र रोजगारी सृजना गर्नका लागि महाशिला गाउँपालिकाको अनुकुल हुने गरि संघ संस्था संगको लागत साझेदारीका लागि रु १ करोड रकम विनियोजन गरेकी छु ।

१५. पर्यटन मन्त्रालयको साझेदारीमा महाशिला आश्रम निर्माणका लागि रु ३ करोड २५ लाख विनियोजन गरेकी छु ।

**सामाजिक विकास क्षेत्र : यस क्षेत्रको विकासका निम्ति २ करोड ५९ लाख रुपैंया विनियोजन गरेकी छु । जसबाट..........**

**१६.** अपाङगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा कोष र मासिक भत्ता उपलब्ध गराई जिविकोपार्जनमा सहजताका लागि आवश्यक रकम विनियोजन गरेकी छु । साथै एकल पूरुष तथा विदुरका लागि मासिक भत्ताका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१७. यस महाशिला गाउँपलिकाका सवै विद्यालयमा अंग्रेजी पाठ्यपुस्क अनुदान, विद्यालय मर्मत घेराबार, परीक्षा सञ्चालन, शैक्षिक क्यालेन्डर निर्माण र होमवर्क डायरी, चिल्डेन पार्क वाल उद्यान, अध्यक्ष असहाय वालवालिका छात्रावृत्ती कल्याणकारी कोष, आवासिय विद्यालय, प्रविधिमैत्री शिक्षा विकास तथा पेशागत तालिमका लागि र प्राविधिक धारमा स्नातक तह अध्ययनका लागि यस गाउँपालिकाका ४ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई रु ४ लाख सहायता दिने  लगाएतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१८. डिजिटल एक्सरे सेवाको लागि कुश्मा, पोखरा वा वालिङ्ग जानुपर्ने वाध्यतालाई अन्त्य गर्न गाउँपालिकाको वडा नं. ५ स्थित महाशिला आधारभूत अस्पतालमा डिजिटल एक्सरे खरिद गरि सेवा सञ्चालनको क्रममा रहेकोले सो का लागि २४ सै घण्टा इन्धनको आपूर्तिका लागि जेनेरेटरका लागि आवश्यक व्यवस्था मिलाएकी छु ।

१९. महाशिला गाउँपालिकालाई जिरो होम डेलिभेरी घोषणा गर्ने अभियान र सुत्केरी महिलाको स्वास्थ्य अवस्थाको सुधारको लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलालाई कुखुरा वा घिउ सहित घरमा भेट्न जाने उदेश्यले उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु । साथै अध्यक्ष कोख देखि शोकसम्म कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२०. सामाजिक विकृति जाँड रक्सि जुवा तास विरुद्धको अभियानलाई निरन्तरता दिई पूर्ण सार्थकता दिलाउन आवश्यकता बमोजिम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेकी छु ।

२१. खेलकुद विकास र प्रर्वद्धन तथा  लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि समेत आवश्यक रकम विनियोजन गरेकी छु ।

**२२** शिक्षा क्षेत्रलाई प्रविधि मैत्री बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**पूर्वाधार विकास : यस क्षेत्रको निम्ती ८ करोड ७३ लाख ९३ हजार रकम विनियोजन गरेकी छु । जसबाट.....**

२३. मल्काबाङ्ग लुंखु गानाबाङ्ग खण्डको कालोपत्र गर्ने योजना बहुबर्षिय ठेक्कामा भै रहेको उक्त सडकको कालोपत्रेको लागि आगामी आर्थिक वर्षमा कार्य सम्पन्न गर्नका लागि १ करोड ९४ लाख रकम विनियोजन गरेकी छु ।

२४.गाउँपालिका अर्न्तगतका सडकहरु मर्मत तथा आवश्यक डि पी आर र फुटकर योजना  कार्य गर्नको निम्ती रु १० लाख रकम विनियोजन गरेकी छु ।

२५.साथै विपन्नको घर निर्माण, घडेरी तथा आवास विकास लगाएतका कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु ।

२६. प्रदेश सरकारको साझेदारीमा समपुरक अनुदान मार्फत सञ्चालित लुंखु बालाकोट होश्राङ्गदी सडक स्तरोन्नतीको लागि रु ५० लाख र लुंखु घन्तरी फलामखानी घण्टे सडक स्तरोन्नतीका लागि रु ५० लाख रकम विनियोजन गरेकी छु ।

**वातावरण तथा जलवायु विपद व्यवस्थापनका लागि ३५ लाख रकम विनियोजन गरेकी छु । जसबाट ..........**

२७. गाउँपालिका क्षेत्रमा विभिन्न समयमा आउनसक्ने आकस्मिक विपद तथा संकटको अवस्थामा, आकस्मिक उद्धार तथा राहत उपलब्ध गराउन एक प्रकोप व्यवस्थापन कोष स्थापना गरी सोही कोषबाट रकम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेकी छु ।

२८. विकास आयोजनाहरु सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि रु ५ लाख रकम विनियोजन गरेकी छु ।

२९. तारजालि खरिद, अर्थिङ्ग, वन तथा भु संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः यस क्षेत्रमा २८ लाख ९० हजार रकम विनियोजन गरेकी छु । जसबाट.....**

**३०.** अनुसन्धान र विकास प्राविधिक उपकरण खरिदका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

३१. जनताको सूसुचित हुने अधिकारको प्रर्वद्धन गर्दै सार्वजनिक सुनुवाई, नागरिक वडापत्र निर्माण स्वास्थ्य तथा संघ संस्थाको लेखा परीक्षण, न्यायिक समिति क्षमता अभिवृद्धि तालिम समेत विभिन्न कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३२. स्थानीय सेवा ऐन गठन नहुँदा सम्म र ओ एण्ड एम सर्भे भई कर्मचारी पदपूर्ति नहुन्जेल केही कर्मचारी करार सेवामा निरन्तरता दिई/राखी सेवा प्रवाह सुचारु गरिनेछ। साथै करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइ सेवा निवृत्त जीवनलाई सहज बनाउनका कार्यविधि बनाई लागु गर्नका लागि रु ५ लाख रकम विनियोजन गरेकी छु ।

**सभाध्यक्षज्यू,**

३३. अव म आगामी बर्षको  बजेट विनियोजन र स्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३४. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु ४० करोड ३२ लाख ८३ हजार रकम मात्र विनियोजन पेश गरेकी छु । जसमा जम्मा चालु खर्चमा  राजश्व बाँडफाँड र आन्तरिक आयबाट कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु ४ करोड २२ लाख ५० हजार, पूजीँगत कार्यक्रम र क्षेत्रगत विकास खर्च तर्फ १८ करोड ३० लाख ३३ हजार रुपैँया शसर्त तर्फ संघीय सरकारको तोकिएको कार्यक्रम रु १७ करोड ८० लाख, शसर्त अनुदान प्रदेश सरकार रु ५० लाख, प्रदेश सरकार समपुरक रु.५० लाख र जिल्ला समन्वय समिति पर्वतको रु.१२ लाख रहेको छ । सामाजिक सुरक्षाको आवश्यक रकम अन्तर सरकारी अख्तियारी मार्फत व्यवस्था गरिएको छ । संघिय सरकार, अन्य विषयगत मन्त्रालय एवं विभागबाट प्राप्त हुने रकम सहित पुँजीगत खर्च, कार्यक्रम खर्च, विकास खर्च र चालु खर्च गरि जम्मा ४० करोड ३२ लाख ८३ हजार रुपैँया मात्र व्यय अनुमान पेश गरेकी छु ।

आगामी आ.व. २०७९।८० को खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान ७ करोड ३४ लाख, संघिय सरकार ससर्त अनुदान १७ करोड ८० लाख, राजश्व बांडफांड बाट ५ करोड ३५ लाख ५८ हजार रुपैयाँ, त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ ७२ लाख ८२ हजार, राजश्व बांडफाँडबाट २६ लाख ९३ हजार तथा प्रदेश ससर्त अनुदान ५० लाख, समपुरक अनुदान ५० लाख, आन्तरिक राजश्व तर्फ अनुमानित रु ७१ लाख ५० हजार, र यस वर्ष खर्च नभई बाँकी रकम अनुमानित रु ३ करोड ५० लाख रहेको छ । संस्कृति तथा पर्यटन मन्त्रालय वाट २ करोड ५० लाख, प्रशासकीय भवनको लागि प्रदेश सरकारबाट रु १ करोड र अन्य निकायवाट रु.१२ लाख गरी जम्मा रु ४० करोड ३२ लाख ८३ हजार रुपैँया मात्र आय अनुमान पेश गरेकी छु ।

**सभाध्यक्षज्यू,**

३५. अव म आगामी आर्थिक वर्ष २०७९।८० को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३६ . कर प्रणालीमा संरचनात्मक सुधार गदै करको दर होइन दायरा फराकिलो पार्दै लगिनेछ ।  कर प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शि प्रणालीको रुपमा विकास गरिनेछ । करयोग्य सवै किसिमको आयलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो पारिनेछ ।

३७. चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु। साथै करको दायरा विस्तार गर्न थप केही कराधार थप गरिएको छ ।

३८. गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको  अनुमानित आय व्ययलाई अनुसूचीमा उल्लेख गरेकी छु ।

अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन गर्नु हुने श्रीमान अध्यक्षज्यू, वडाअध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु प्रति आभारी छु । विभिन्न विषयगत समिति, राजनीतिक दल, सरकारी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी  एवं आम महाशिला बासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

**धन्यवाद ।**

**धनसुवा वि.क.**
उपाध्यक्ष
महाशिला गाउँपालिका

# ७.१ आय तथा व्ययको प्रक्षेपण

## अनुसूची १

| शीर्षक आय | आ.व. २०७९/८० को अनुमान |
|---|---|
| राजस्व | ४०३२८३००० |
| आन्तरिक श्रोत | ७१५०००० |
| ११३१४ भुमिकर/मालपोत | २७८४००० |
| ११३२१ घरवहाल कर | १०४४०० |
| ११३२२ घरजग्गा रजिष्टेशन शुल्क | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५८०००० |
| १४२४३ सिफारिश दस्तुर | २२५१२०० |
| १४२६५ अन्य क्षेत्रको आय | ४६४००० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५८००० |
| १४५२९ अन्य राजस्व | ५२२००० |
| ११३२२ वहाल विटोरी कर | ५८००० |
| १४६११ व्यवसाय कर | २७८४०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५६२५१००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्तःशुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ५३५५८००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २६९३००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| संघीय सरकार | २७६४००००० |
| १३३११ समानिकरण अनुदान | ७३४००००० |
| १३३१२ शसर्त अनुदान | १७८०००००० |
| अन्य अनुदान पर्यटन मन्त्रालय साझेदारी | २५०००००० |
| प्रदेश सरकार | २७२८२००० |
| प्रशासकीय भवन निर्माण समपुरक साझेदारी | १०००००००० |
| १३३११ समानिकरण अनुदान | ७२८२००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०००००० |
| समपुरक अनुदान | ५०००००० |
| जिल्ला समन्वय समिति पर्वत | १२००००० |
| जिल्ला समन्वय समिति पर्वत | १२००००० |
| वित्तीय व्यवस्था (प्राप्ति) | ० |
| बजेट न्यून (-) गत वर्षको मौज्दात | ३५०००००० |

नेपालको संविधान धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| **शीर्षक** | | **आ.व.२०७9/80 को अनुमान** |
|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (शसर्त बाहेक)** | | **४२२५0000** |
| २११११ | पारिश्रमिक कर्मचारी | १0000000 |
| २११२१ | पोशाक | ५00000 |
| २११३१ | स्थानीय भत्ता | २५0000 |
| २११३२ | महंगी भत्ता | ४५0000 |
| २११३९ | अन्य भत्ता | २00000 |
| 21141 | पदाधिकारी बैठक भत्ता | ९00000 |
| 21142 | पदाधिकारी सुविधा | ७000000 |
| २२१११ | सञ्चार महशुल | २00000 |
| 22212 | इन्धन कार्यालय प्रयोजन | १२00000 |
| 22412 | अन्य सेवा शुल्क | २00000 |
| 22213 | सवारी साधन मर्मत | १२00000 |
| 22214 | विमा तथा नविकरण | २00000 |
| 22221 | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २00000 |
| 22311 | मसलन्द तथा कार्यालय सामग्री | १४00000 |
| 22314 | इन्धन अन्य प्रयोजन | १00000 |
| 22315 | सूचना तथा विज्ञापन | ४00000 |
| 22319 | अन्य कार्यालय सञ्चालन | २00000 |
| 22413 | करार सेवा शुल्क | ९000000 |
| 22529 | विविध खर्च | ११00000 |
| 22611 | अनुगमन मुल्याङकन खर्च | १५00000 |
| 22612 | भ्रमण खर्च | ७00000 |
| 28142 | घरभाडा | ३00000 |
| | अतिथि सत्कार | २५0000 |
| | कर्मचारी र शिक्षकलाई प्रोत्साहन र पुरस्कार | २00000 |
| | पानी तथा बिजुली | १२00000 |
| 28143 | सवारी साधन तथा मेशिनरी भाडा | १५0000 |
| | कर्मचारी बैठक भत्ता | १00000 |
| | सभा सञ्चालन खर्च | १५0000 |
| | करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष | ५00000 |

| | | |
|---|---|---|
| | परामर्श सेवा | २००००० |
| | व्यवसाय दर्ता शिविर | १००००० |
| | उपभोक्ता समिति अभिमुखिकरण | १००००० |
| | कानुन कार्यविधि निर्माण विशेषज्ञ सेवा | २००००० |
| | जात्रा उत्सव दिवश समारोह | १००००० |
| | विविध खर्च (अतिरिक्त समय कार्यको लागि) | ३००००० |
| | जनप्रतिनिधि कर्मचारी अवलोकन भ्रमण | ७००००० |
| | फर्निचर एण्ड फिक्स्चर्स | २००००० |
| | लक्षित वर्ग सम्मान कार्यक्रम | १००००० |
| | वडा कार्यलय मसलन्द तथा कार्यलय सामग्री | २००००० |
| | सवारी साधन | ३००००० |
| | **जम्मा** | ४२२५०००० |

**पालिका तर्फ**

| संकेत नं. | शीर्षक | आ.व.२०७९/८० को अनुमान |
|---|---|---|
| १० | **आर्थिक विकास** | **६३३५००००** |
| १०१० | कृषि | १५९५०००० |
| १०२० | उद्योग तथा वाणिज्य | २३००००० |
| १०३० | पर्यटन साझेदारी र समपूरककोष | ३४५००००० |
| १०४० | महाशिला विकास स्वयंसेवक कार्याक्रम | १०४००००० |
| १०५० | वित्तीय क्षेत्र | २००००० |
| **२०** | **सामाजिक विकास** | **२५९००००००** |
| २०१० | शिक्षा | १९७५०००० |
| २०२० | स्वास्थ्य | २४००००० |
| २०३० | खानेपानी तथा सरसफाइ | २५०००० |
| २०४० | संस्कृति प्रवर्द्धन | ९५०००० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ८००००० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १६५०००० |
| **३०** | **पूर्वाधार विकास** | **८७३९३०००** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ५८९९३००० |
| ३०२० | भवन तथा सहरी विकास | २८०००००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | २००००० |
| ३०५० | सञ्चार | २००००० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **३५०००००** |
| **५०** | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **२८९००००** |
| | **शसर्त अनुदान** | **१७८००००००** |
| | **कुल जम्मा व्यय अनुमान** | **४०३२८३०००** |